## वराहपोखरी गाउँपालिका, खोटाङको १३ औं गाउँसभामा गाउँपालिका अध्यक्ष श्री शालिकराम बन्जारा ज्यूद्वारा प्रस्तुत

### आर्थिक वर्ष २०८०।०८१ को

# वार्षिक नीति तथा कार्यक्रम

मितिः २०८० साल आषाढ १० गते आईतबार

**वराहपोखरी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**बाघखोरभन्ज्याङ, खोटाङ**
**कोशी प्रदेश, नेपाल**

**गाउँपालिका उपाध्यक्ष ज्यू,**
**गाउँसभाका सदस्य ज्यूहरु,**
**सम्पूर्ण राष्ट्र सेवक कर्मचारी मित्रहरु,**
**पत्रकार मित्रहरु,**

यस गरिमामय सभामा वराहपोखरी गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा मैले आफुलाई गौरवान्वित महशुस गरेको छु। वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका क्रममा गाउँपालिकालाई विभिन्न सुझाव दिनु हुने सम्पुर्ण आमा, बुवा, दाजुभाई तथा दिदी बहिनीहरु लगायत विभिन्न राजनैतिक दलका प्रतिनिधिहरु तथा कर्मचारी मित्रहरु प्रति हार्दिक आभार सहित हामी सबैको तर्फबाट धन्यवाद व्यक्त गर्दछु। यस अवसरमा नेपालको प्रजातान्त्रिक आन्दोलन, राजनीतिक अग्रगमन र लोकतन्त्रको सवलीकरणको क्रममा भएका ऐतिहासिक आन्दोलनहरुमा आफ्नो जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

सुन्दर, समुन्नत र समृद्ध गाउँपालिका निर्माण गर्ने हाम्रो संकल्प, समस्त गाउँपालिकावासीको समृद्धिको चाहाना र हामीले निर्वाचनका क्रममा हाम्रा मतदाताहरु प्रति अभिव्यक्त गरेका प्रतिज्ञाहरु पुरा गर्ने दिशामा हामीले आगामी आ. व. २०८०/८१ को नीति तथा कार्यक्रमलाई अभिमुख गरेका छौं। यसका लागि दीगो विकासको राष्ट्रिय लक्ष्यहरुको स्थानीयकरण गर्दै गुणस्तरीय पूर्वाधार निर्माण सहित स्थानीय स्रोतको पहिचान र परिचालन गरी समावेशी, जलवायु उत्थानशील तथा दिगो स्थानीय आर्थिक विकास मार्फत समृद्ध गाउँपालिका र सुखी जनताको लक्ष्य हासील गर्न सार्वजनिक, निजीक्षेत्र र समुदायको साझेदारी विकास गरिनेछ ।

नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहमा विभाजन गरी नेपालको राज्यशक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले संविधान तथा कानून बमोजिम गर्न पाउने व्यवस्था गरी मुलुकले युगान्तकारी राजनैतिक उपलब्धी हासिल गरेको छ । "कृषि, पर्यटन, प्राकृतिक सम्पदा र पूर्वाधार: सभ्य समृद्ध वराहपोखरी गाउँपालिकाको मूल आधार" भन्ने गाउँपालिकाको लक्ष्य हाँसिल गर्ने मार्गमा दत्तचित्त भई सो का लागी वराहपोखरी गाउँपालिका प्रतिबद्ध छ ।

गाउँपालिकालाई उत्कृष्ट गन्तव्यको रुपमा स्थापित गर्ने, भूमिहिन दलित, भूमिहिन सुकुम्वासी तथा अव्यवस्थित बसोबासीहरुको वैज्ञानिक व्यवस्थापन गर्ने, स्वच्छ, सफा र सुन्दर गाउँपालिकाको पहिचान कायम राख्ने, प्रविधिमैत्री गाउँपालिका र योजनाबद्ध वस्ति विकासलाई यस नीति तथा कार्यक्रमले प्रमुख प्राथमिकताहरुको रुपमा लिइएको छ।

**उपस्थित गाउँसभाका सदस्यज्यूहरु तथा अन्य महानुभावहरु,**

विश्वव्यापीरुपमा फैलिएको कोभिड-१९ महामारीबाट थलिएर माथि उठन लागेको अर्थतन्त्र पुनः युक्रेन युद्ध र सोबाट विश्व आपूर्ति श्रृंखलामा आएको संकुचनले नेपाललाई समेत प्रभाव पारेकोछ । यसबाट संघीय सरकारको राजश्व परिचालनमा प्रभाव पर्न गै स्थानीय तहले पाउनु पर्न वित्तीय हस्तान्तरणमा नकारात्मक असर पुगेकोछ ।

नेपालले जनसांख्यिक लाभ लिदै अल्प विकसित मुलुकबाट विकासशील मुलकको श्रेणीमा उक्लिनै लाग्दा हरेक दिन २ देखि ३ हजार युवाहरू रोजगारीको खोजीमा नेपाल छोडेर विदेशीनुपर्ने अवस्थाले हामी सबैलाई गम्भीर बनाएको छ ।आन्तरिक र बाह्य बसाई-सराईका कारण नेपालका गाउँघरहरू सुनसान वस्तीका रूपमा रूपान्तरित हुन पुगेका छन् । उब्जाउ खेतबारी बाँझो हुन पुगेका छन् । यस सन्दर्भमा युवालाई देशभित्रै रोजगारीको अवसर सृजना गर्ने र गाउँघरको बसाईलाई आकर्षक बनाउने चुनौती हामी सबैको साझा मुद्दा हुन पुगेको छ ।

यस विशिष्ट परिस्थितिमा हामीले हाम्रो अर्थतन्त्रलाई पुनर्उत्थानशील क्रियाकलाप मार्फत अगाडी बढाउदै तिब्र र दिगो आर्थिक विकास गरी समृद्ध नेपाल सुखी नेपालीको मुल लक्ष्य हासील गर्नु परेको छ। यसका लागि हाम्रो गाउँपालिकामा स्थानीय आर्थिक विकासका कार्यक्रमलाई विशेष जोड दिनुपर्ने अवस्था सृजना भएको छ ।

सेवा प्रवाहलाई थप प्रभावकारी बनाई सुशासनको अनुभूति जनमानसमा ल्याउन गाउँपालिकाको क्षमता विकास गर्न समेत अपरिहार्य छ । यसका लागि बिद्युतीय सुशासन प्रणालीलाई सेवा प्रभावमा ब्यापक र प्रभावकारी बनाउनुपर्ने अवस्था देखिन्छ ।

**विकास तथा समृद्धिको लक्ष्य प्राप्तिका विद्यमान अवसरहरूः**

हाम्रा लागि देहाय बमोजिमका अवसरहरू रहेका छन् :

१. संविधानतः अधिकार सम्पन्न स्थानीय सरकार स्थापना भै २२ वटा एकल अधिकार सहित विविध साझा अधिकार किटान हुनु ।
२. आफ्ना अधिकार क्षेत्रका विषयमा ऐन, कानून तर्जुमा, योजना तर्जुमाको अभ्यास हुनु ।
३. विकास निर्माणका विविध विषयमा नीति कार्यक्रम तथा बजेट सञ्चालन गर्ने अधिकार प्रष्ट हुनु।
४. गाउँपालिकाभित्र भौगोलिक तथा सांस्कृतिक विविधता रहनु ।
५. सबै वडामा सडक पूर्वाधारको पहुँच हुनु ।
६. सडक निर्माणमा भएको लगानी सँगै गाउँपालिकामा उत्पादित कृषिजन्य उत्पादनलाई बजार सम्मको पहुँच स्थापित हुनु ।

**विद्यमान चुनौतीहरूः**

हाम्रा सामु देहाय बमोजिमका चुनौतीहरू रहेका छन् :

१. रोजगारउन्मुख सीपमूलक शिक्षाको विकास गर्नु ।
२. बजारको सूचना कृषकलाई समयमा नै उपलब्ध गराउनु ।
३. गुणस्तरीय बीउबिजन/मलखाद समयमा नै उपलब्ध गराउनु ।
४. युवा जनशक्तिलाई कृषि ब्यवसाय प्रति आकर्षित गर्नु ।
५. ब्यावसायिक कृषकको संख्या वृद्धि गर्नु ।
६. वैदेशिक रोजगारीबाट फर्केका सीप युक्त युवाको सीप तथा पुँजीलाई उद्यम विकासमा उपयोग गर्नु।
७. निर्माण भएको पूर्वाधारको मर्मत संभार पद्धतिको विकास गर्नु ।
८. सडक लगायतका पूर्वाधारको उपयोग योजना ,डिजाइन तथा ड्रइङ विना गरिने सडक तथा अन्य पूर्वाधारका संरचना निर्माणको कार्यलाई रोक्नु ।
९. भिरालो ठाउँ, बाढी पहिरो तथा डुवान लगायतका प्रकोपको उच्च जोखिम भएका वस्तीमा भवन निर्माण कार्यलाई रोक्नु।
१०. अव्यवस्थित बस्ती बिस्तारको क्रम रोक्नु तथा व्यवस्थित बस्ति विकास गर्नु।
११. बैज्ञानिक, जलवायु उत्थानशिल तथा व्यवहारीक एवम् उपयुक्त भूउपयोग योजना तर्जुमा गरी लागू गर्नु।
१२. सञ्चार सेवा प्रदायक संस्थाहरू बाट प्रभावकारी सेवा प्राप्ति र ब्यवस्थित गर्नु ।
**१३.** प्राकृतिक स्रोत तथा नदिजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा) को मापदण्ड अबलम्बन गरि अत्याधिक दोहन रोक्नु ।
**१४.** विभिन्न कालखन्डमा गाउँपालिकामा निर्माण भएका पुर्वाधारका संरचना (पूँजीगत सम्पति) को लगत तयार तयार गर्नु, मुल्यांकन गर्नु तथा सेवा प्रभावमा प्रभावकारी उपयोग सम्बन्धी योजना (Asset Management Plan) तयार गरी कार्यान्वयन गर्नु ।

**उपस्थित गाउँसभाका सदस्यज्यूहरु तथा अन्य महानुभावहरु,**

नेपालको संविधानमा स्थानीय शासन सम्बन्धी उल्लेख भएको नीतिगत ब्यवस्था, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहले आवधिक, वार्षिक तथा रणनीतिक योजनाहरू बनाई लागू गर्दै जानुपर्ने प्रावधान, राष्ट्रिय योजना आयोगले जारी गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८, पन्ध्रौं आवधिक योजनाको मूलभूत पक्षहरू अनुसार विभिन्न चरणको सहभागितामूलक प्रक्रियाबाट यस गाउँको आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम तयार गरिएको छ ।

पन्ध्रौं योजना, दिगो विकास लक्ष्य, २०३० को मार्गचित्र, गाउँपालिकाको आवधिक योजना, मध्यमकालीन खर्च योजना, गाउँपालिकाले कार्यान्वयनमा ल्याइएका कानुनी प्रावधान समेतलाई ध्यानमा राखी यो नीति तथा कार्यक्रम ल्याइएको छ ।

गुणस्तरीय पूर्वाधार विकास निर्माणको कार्यमा गाउँपालिका भित्रका आम उपभोक्ताहरु, सर्वसाधारण जनता, उद्योगी ब्यवसायीहरु, सामाजिक संघसंस्थाहरु तथा विकास साझेदारहरूको निरन्तर सहयोग रहदै आएको छ। विकास र सुशासनको लागि जनप्रतिनिधिहरुले स्पष्ट दृष्टिकोण सहित अगुवाई गर्ने हो भने प्रशासनिक संयन्त्रले त्यसलाई प्राविधिक तथा कानुनी ढाँचा भित्र आबद्ध गराउने हो। आम नागरिकहरुले साथ सहयोग, सुझाव दिने हो। जनसहभागीता एवं जनपरिचालनको क्षेत्रमा गाउँपालिकाले कायम गरेको इतिहासलाई अक्षुण्ण राख्दै शासकीय प्रबन्धमा जवाफदेहिता, पारदर्शिता, गुणस्तरीयता एवं स्वच्छतायुक्त जनसहभागीता सुनिश्चित गरिने छ।

गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्भेक्षण (O & M) लाई अद्यावधिक रुपमा अध्ययन गरी छरितो एवं चुस्त संगठन संरचना मार्फत प्रशासनिक तथा चालु खर्चलाई मितब्ययी बनाइनेछ । यसबाट सेवा प्रवाहलाई प्रभावकारी तथा विकेन्द्रित तुल्याउदै पूँजीगत खर्च बढाउने नीति लिइएको छ। संघ तथा प्रदेश सरकारबाट प्राप्त अनुदान एवं वित्तिय हस्तान्तरणको उच्चतम र प्रभावकारी परिचालन एवं उपयोग गर्दै वित्तिय आत्मनिर्भरता कायम गर्न प्रयत्न गरिने छ।

यस गाउँपालिकाले आफ्नो क्षेत्रमा समृद्ध, समावेशी, स्वच्छ, सुरक्षित, स्वावलम्बी र सुशासित समुदाय निर्माण गर्ने उद्देश्य लिएको छ। जनताको मौलिक अधिकार र प्रतिनिधित्व सुनिश्चित गर्नका लागि सहभागिताका माध्यमबाट पारदर्शिता र जवाफदेहीतालाई जोड दिइनेछ ।

**उपस्थित गाउँसभाका सदस्यज्यूहरु तथा अन्य महानुभावहरु,**

अब म चालु आ.व. २०७९।०८० को हालसम्मका प्रमुख उपलब्धीहरूको विषयगत समिक्षा गर्न चाहान्छु ।

**भौतिक पूर्वाधार विकासका क्षेत्रमा भएका उपलब्धीहरु**

**सडक यातायातः**

- गाउँपालिकाका ६ वटै वडामा सडकको पहुँच पुगेको ।
- सडकको स्तरोन्नति कार्यमा तिव्रता आएको ।
- संघीय समपूरक तथा प्रदेश समपूरक अनुदान कार्यक्रम अन्तर्गत धाप्लाङ-धर्तुङ-सिन्ताङ-वराहपोखरी सडक स्तरोन्नतीको कार्य भईरहेको ।

- गाउँपालिकाबाट अन्य गाउँपालिका, राजमार्गसम्मको सडक पहुँचलाई सुदृढ बनाइएको

**खानेपानी**

- मुहान संरक्षण कार्यलाई तिव्रता दिईएको ।
- गाउँपालिका विभिन्न क्षेत्रभित्र खानेपानी व्यवस्थापनका लागि खानेपानी ट्याङ्की तथा धाराहरु निर्माण गरिएको ।
- वातावरीण प्रभाव मूल्याङ्कन नगरी जथाभावी सडक निर्माण गर्दा खानेपानीको मुहान सुक्ने क्रम बढेको ।

**सिंचाइः**

- साना सिंचाइ कार्यक्रम तथा गाउँपालिकाको आर्थिक प्राविधिक साझेदारीमा गाउँपालिकाका ६ वटै वडाहरुमा गरी कूल ३१५ हेक्टरमा सिंचाइ सुविधा प्राप्त भएको ।
- साना सिंचाई कार्यक्रम सञ्चालनमा आईरहेको ।
- जलवायु परिवर्तनको प्रभावका कारण डिजाइन अनुसार पानी प्राप्त हुने कुरामा चुनौती थपिएको ।

**विद्युत तथा सोलार उर्जा:**

- गाउँपालिका अन्तर्गतका सबै वडा कार्यालय तथा आंशिक गाउँवस्तीहरुमा विद्युत सेवा संचालनमा आईरहेको ।
- गाउँपालिकाका विभिन्न महत्वपूर्ण स्थानहरुमा सोलार बत्ती जडान गरिएको ।

**सामाजिक विकासका क्षेत्रमा भएका उपलब्धीहरु**

**शिक्षा :**

- गाउँपालिका क्षेत्रभित्र सञ्चालित सम्पूर्ण सामुदायिक विद्यालयहरुमा ईन्टर्नेट जडान कार्य अन्तिम चरणमा पुगेको ।
- शिक्षक तथा विद्यालय कर्मचारीहरुको पेशागत दक्षता विकास सम्बन्धी विभिन्न तालिमहरु सञ्चालन गरिएको ।
- स्थानीय पाठ्यक्रम सामुदायिक विद्यालयहरुको कक्षा १-५ सम्म लागू गरिएको ।
- विद्यालयमा विज्ञान प्रयोगशाला, पुस्तकालय, ICT ल्याव, ई-लाईब्रेरी र शौचालयको व्यवस्थापन गरिएको ।
- नव नियुक्त स्थायी शिक्षकहरुको पदस्थापन गरिएको ।
- शिक्षकहरुको दरबन्दी मिलान गरिएको ।

- गाउँपालिकास्तरीय शिक्षा समिति गठन भई कृयाशिल रहेको ।
- गाउँपालिका अन्तर्गतका माध्यमिक तथा आधारभुत तहहरुमा कम्प्युटर अनुदान शिक्षक सेवा व्यवस्थापन गरी सूचना तथा प्रविधिमैत्री शिक्षामा जोड दिईएको ।
- न्युन पारिश्रमिकमा कार्यरत बालबिकास शिक्षिका, विद्यालय कर्मचारीहरुलाई पालिकाको सिमित श्रोत साधनका बाबजुत थप सेवा सुविधा उपलब्ध गराईएको ।
- न्युन दरबन्दी भएका तथा दरबन्दी नभएका विद्यालयहरुमा अंग्रेजी, गणित, विज्ञान विषयमा शिक्षण सहयोग अनुदान उपलब्ध गराईएको ।
- शिक्षा सम्बन्धी विभिन्न कार्यविधिहरु तयार गरी पूर्ण रुपमा कार्यान्वयन गरिएको ।
- रिक्त शिक्षक तथा विद्यालय कर्मचारीहरुको पदपूर्ती गरिएको ।

**स्वास्थ्य :**

- मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, गर्भवती, उत्प्रेरणा सेवा, न्यानो झोला खरिद र निशुल्क गर्भपतन कार्यक्रम सञ्चालन गरिएको ।
- प्रजनन् रुग्णता स्वास्थ्य शिविर सञ्चालन गरिएको।
- इन्जेक्शन ओक्सिटोक्सिन भण्डारणका लागि आई.एल.आर. रेफ्रिजेरेटरको व्यवस्थापन गरिएको ।
- CBIMNCI कार्यक्रम ६ वटै वडा कार्यालयहरुमा सञ्चालन गरिएको ।
- अपाङ्गता परिचय पत्र वितरण शिविर सञ्चालन गरिएको ।
- ल्याव स्थापना गरी जनतालाई सेवा उपलब्ध गराईएको ।
- वडा नं १,२,३,४ मा वर्थिङ सेन्टर निर्माण भई सञ्चालनमा रहेको ।
- कोभिड-१९ विरुद्धको खोप प्रभावकारी रुपमा सञ्चालन गरिएको ।
- कोभिड-१९ विरुद्धको खोप सम्बन्धी QR Code प्रमाणिकरण गर्ने कार्य निरन्तर भईरहेको ।
- गाउँपालिकाको एम्बुलेन्स सेवा सञ्चालनमा आईरहेको।
- स्वास्थ्य संस्थाले रिफर गरेका गर्भवती तथा सुत्केरी महिलाहरुलाई नि:शुल्क स्वास्थ्य सेवा प्रदान गरिरहेको ।
- पूर्ण खोप गाउँपालिका घोषणा गरिएको ।
- परिवार नियोजन किशोर किशोरी तथा प्रजनन स्वास्थ्य कार्यक्रम सम्पन्न भएको ।
- पोषण कार्यक्रम सञ्चालन गरिएको ।

**संस्कृति प्रबर्द्धन :**

- स्थानीय भाषा, संस्कृति, पर्व आदि झल्काउने र प्रवर्द्धन गर्न सहयोग पुर्याउने कार्यक्रम औपचारिक रुपमा सञ्चालन गरिएको ।

**समावेशीकरण :**

- दलित/जनजाती सम्बन्धी कार्यक्रम संचालन गरिएको ।
- लैंगिक समानता र समता कायम गर्ने प्रयास भई रहेको ।
- सामाजिक समावेशीकरणलाई प्राथमिकता दिईएको ।

**युवा तथा खेलकुद कार्यक्रम :**

- गाउँपालिकास्तरीय पुरुष फुटबल प्रतियोगिता सञ्चालन गरिएको ।
- गाउँपालिकास्तरीय महिला तथा पुरुष भलिबल प्रतियोगिता सञ्चालन गरिएको ।
- गाउँपालिका भन्दा बाहिर सञ्चालन हुने खेलकुद प्रतियोगितामा खेलाडीहरुलाई सहभागी हुन प्रोत्साहन गरिएको ।

**आर्थिक विकासका क्षेत्रमा भएका उपलब्धी**

**कृषि तथा पशु :**

- सम्पूर्ण वडाहरुमा माटो परीक्षण शिविर सञ्चालन गरिएको ।
- कृषकहरुलाई ५०% मूल्य अनुदानमा उन्नत जातको मकैको विउ वितरण गरिएको ।
- कृषकहरुलाई ५०% मूल्य अनुदानमा हाते ट्र्याक्टर वितरण गरिएको ।
- किसान सूचिकरण कार्यक्रम गरिएको ।
- सुख्खाग्रस्त क्षेत्रमा सिंचाई विस्तार भईरहेको ।
- प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना मार्फत गाउँपालिका अन्तर्गतका सबै वडामा पकेट कार्यक्रम संचालनमा ल्याईएको ।
- सम्पूर्ण वडाहरुमा पशु औषधी वितरण गरिएको ।
- गाउँपालिका अन्तर्गतका विभिन्न वडाहरुमा कृषकहरुलाई बाख्रा पालन सम्बन्धी तालिम सञ्चालन गरिएको ।
- सम्पूर्ण वडाहरुमा PPR खोप तथा रेविज भ्याक्सिनेशन कार्यक्रम सञ्चालन गरिएको ।

**उद्योग तथा वाणिज्य:**

- ढाका बुनाई, बाँसबाट निर्मित सामान, साबुन, अगरबत्ती, सिलाई बुनाई, गुडिया र थुक्पा जस्ता सामान उत्पादन गर्ने सीप सिकाई जस्ता प्रशिक्षण कार्यक्रम संचालन भई आत्मानिर्भर तथा स्वावलम्वन हुन सक्ने जनशक्ति उत्पादन भएको ।

- बजारीकरणका लागि उद्योग र व्यापार दर्ता एवं व्यवस्थापन गर्ने कार्यको थालनी गरेको ।
- गाउँपालिका क्षेत्रभित्र एकमात्र सनराईज बैंक मार्फत स्थानीयबासीहरुलाई ऋण प्रवाह र सरकारी कारोबार सञ्चालन गर्न सहज भएको ।
- वराहपोखरी गाउँपालिका क्षेत्रलाई दीगो रुपमा बजारिकरणलाई अझ सशक्त बनाउन पहल गरिएको ।

**पर्यटन :**

- नेपाल सरकारले आ व २०७५।०७६ मा पर्यटकीय गन्तव्यस्थलको रुपमा घोषणा गरेका १०० औं गन्तव्य स्थलमध्ये परेको वराहपोखरी ताल क्षेत्रलाई विकास गर्न वराहपोखरी तालको वरिपरि अधुरै रहेको पैदलमार्ग निर्माण कार्यलाई निरन्तरता दिईएको।
- वराहपोखरी बजार क्षेत्रमा फोहोर मैला व्यवस्थापन केन्द्र स्थापना गरिएको ।
- वराहपोखरी ताल क्षेत्रमा पर्यटन प्रबर्धन गर्नका लागि मन्दिर तथा भवनहरु निर्माण कार्य भईरहेको ।

**सहकारी :**

- न्यून रहेको सहकारी संस्थाहरु दर्ता एवं गतिविधिलाई कृयाशिल बनाईनेछ ।

**सूचना तथा संचार प्रविधि :**

- गाउँपालिकामा सञ्चालन हुने सम्पूर्ण योजनाहरुको अनलाईन प्रणालि मार्फत सम्झौता तथा अनलाईन भुक्तानी भईरहेको ।
- सम्पूर्ण वडा कार्यालयहरुमा अनलाईन प्रणालि मार्फत राजश्व संकलन कार्य भईरहेको ।
- सम्पूर्ण वडा कार्यालय माध्यमिक तथा केही आधारभूत विद्यालयहरु, स्वास्थ्य चौकी, प्रहरी चौकीहरुमा ईन्टरनेट सेवा सञ्चालनमा आईरहेको ।
- गाउँपालिकामा सि.सि. टि.भि. क्यामेरा सञ्चालनमा आईरहेको ।
- गाउँपालिकाको कार्यालय तथा सबै वडा कार्यालय, स्वास्थ्य चौकी, माध्यमिक तथा आधारभुत विद्यालयमा इन्टर्नेट जडान कार्य तथा Free-WIFI व्यवस्थापनको कार्य भएको ।
- गाउँपालिकाको कार्यालयमा डिजिटल नागरिक वडापत्र स्थापना भएको ।
- अडियो नोटिस बोर्ड सञ्चालनमा आईरहेको ।

- सामुहिक SMS (Group SMS) प्रणाली सञ्चालनमा आईरहेको ।
- गाउँपालिकाको वेवसाइट तथा मोवाईल एप्लिकेशन नियमित रुपमा अध्यावधित भई सञ्चालनमा आईरहेको ।

**वन, वातावरण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन**

- गाउँपालिका स्तरीय विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना निर्माणलाई प्राथमिकता दिईएको ।
- प्राकृतिक विपद्को कारण नागरिकलाई परेको असरलाई न्यूनिकरण गर्नका लागि राहत वितरण कार्यक्रम निरन्तर रुपमा भईरहेको ।
- मनसुनजन्य विपद तथा आगलागीजन्य विपदमा परेका घरपरिवारहरुको लगत अनलाईन प्रणालि मार्फत संकलन गरी क्षति पुगेका घर पुनर्निमाणका लागि पुनर्निमाण प्राधिकरण समक्ष तथ्याङ्क अध्यावधिक गरिएको ।
- वराहपोखरी बजार वरपर फोहोर ब्यवस्थापनका लागि फोहोर व्यवस्थापन केन्द्र स्थापना गरिएको ।
- विपद प्रभावित क्षेत्रलाई विपद कोषको व्यवस्थापन गरिएको ।

**सुशासन तथा संस्थागत विकासमा भएका उपलब्धीहरु**

- गाउँपालिकामा आवश्यक पर्ने ऐन, नियमावली, कार्यविधि तथा मापदण्डहरु निर्माण गरी कार्यान्वयनमा ल्याएको।
- व्यवस्थित शहरीकरण तथा वस्ति विकासको लागि आवश्यक भुउपयोग नीति तर्जुमा गरेको छ ।
- दलित सुकुम्बासी, भूमिहिन सुकुम्बासी तथा अव्यवस्थित बसोबासी गरी जम्मा ५६ घर परिवारको अनलाईन प्रणालि मार्फत लगत संकलन गरी सम्बन्धित निकायमा थप कार्यान्वयनका लागि प्राथमिकताका साथ प्रकृया अगाडी बढाईएको ।
- गाउँपालिकाले संगठन तथा ब्यवस्थापन सर्वेक्षण गरी सो अनुसारको संगठन संरचना जनशक्ति र कार्यविवरण तयार गरी कार्यान्वयनमा ल्याएको । ,
- राजश्व सुधार कार्ययोजनाको कार्यान्वयनबाट आन्तरिक राजश्व स्रोतको दायरामा वृद्धि भएको ।

**उपस्थित गाउँसभाका सदस्यज्यूहरु तथा अन्य महानुभावहरु,**

अब म आ. व. २०८०/८१ को विभिन्न विषयगत एवं क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु ।

**१. भौतिक पूर्वाधार विकास सम्बन्धी नीति तथा कार्यक्रम**

१. "हाम्रो योजनाको संरक्षण: हाम्रो जिम्मेवारी" नारा सहित प्रत्येक टोल वस्तीबाट प्रत्येक महिनामा एक पटक जनसहभागिता/जनश्रमदानको कार्यक्रम सञ्चालन गरिनेछ ।

२. आवास योजना, र वस्ति विकास योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

३. पूर्वाधार निर्माणका आयोजनाहरु संचालन गर्दा लागत-लाभ विश्लेषणका आधारमा उच्च नतिजा एवं प्रतिफल दिने, समतामुलक विकासको आधारको रुपमा रहने, पिछडिएका र कम विकसित क्षेत्रलाई मूल प्रवाहिकरणमा ल्याउन सहयोग गर्ने आयोजनाहरु पहिचान गरी “आयोजना बैंक” तयार गरिने छ। सो बैंकमा समाविष्ट आयोजनाहरुमा मात्र बजेट विनियोजन गर्ने नीति लिइनेछ।

४. गाउँपालिकाको भूउपयोग क्षेत्र निर्धारण गरी वस्ति विकास योजना सहित भौतिक विकास गुरूयोजना तयार गरी आवास तथा वस्ति विकास, भवन तथा सार्वजनिक निर्माण लगायत पूर्वाधार निर्माण कार्य ब्यवस्थित र गुणस्तरीय रूपमा सञ्चालन गरिनेछ ।

५. दिर्घकालिन लगानी मार्गदर्शनका लागि गाउँपालिका सडक गुरुयोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।

६. एकिकृत वस्ति विकास योजनाद्वारा निर्दिस्ट गरेका पूर्वाधारहरुको निर्माण कार्यका लागि संघीय सरकार, प्रदेश सरकार र साझेदारहरुसँगको सहकार्यलाई निरन्तरता दिइनेछ।

७. गाउँपालिकाको विकासमा रुपान्तरणकारी परिवर्तन ल्याउन सक्ने केहि ठुला आयोजनाहरु पहिचान गरी गाउँपालिका गौरव आयोजनाका रुपमा कार्यान्वयन गरिनेछ र त्यस्ता आयोजनामा श्रोतको अभाव हुन दिइने छैन।

८. एकिकृत शहरी विकास योजना तर्जुमा गरी अव्यवस्थित वसोवासलाई व्यवस्थित तुल्याउन एकिकृत वस्ती विकास आयोजना संचालन गरिनेछ। गाउँपालिकाको गहनाको रुपमा रहेको वाल उद्यान, पार्क, खुल्ला ठाउँ, सामुदायिक भवन लाई मर्मत तथा पुननिर्माण गरी सभा समारोहहरु सभागृहमा संचालन गर्न प्राथमिकता दिइनेछ।

९. विगत देखिका निर्माणाधिन तथा अधुरा योजनाहरुलाई सम्पन्न गर्न क्रमागत रुपमा बजेट विनियोजन गरिनेछ।

१०. घर निर्माणमा जनताको अनुत्पादक खर्च नहोस् र पुँजी चलायमान होस् भन्ने उद्देश्यले घर निर्माण गर्नु पूर्व नागरिकलाई घरको आवश्यकता, घरको लागत, मापदण्ड र उपयोग सम्बन्धमा निःशुल्क परामर्श दिईनेछ।

११. नेपाल राष्ट्रिय भवन संहिता २०६०, वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी मापदण्ड २०७२, राष्ट्रिय भू-उपयोग नीति, भवन तथा योजना मापदण्ड, २०५६ लगायतका राष्ट्रिय, प्रादेशिक एवम् स्थानीय भूमि व्यवस्थापन तथा भवन

नियमन सम्बन्धी ऐन, मापदण्ड तथा निर्देशिकाहरुलाई कडाईका साथ लागु गरी सुरक्षित एवं व्यवस्थित निर्माण गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

१२. आवासीय भवनमा "एक घर-एक विरुवा" नीतिलाई निरन्तरता दिइनेछ।

१३. भवन निर्माण अनुमति प्रकृयालाई प्रविधिमा आधारित तुल्याई सहजिकरण गरिनेछ।

१४. गाउँपालिका भित्र भु-उपयोग नीति लागु गर्दै जाने नीति लिइनेछ।

१५. गाउँपालिका भित्र सडकको मापदण्डलाई आवश्यकताको आधारमा कायम गरी सडक मापदण्डको समस्यालाई समन्वय गरी समाधान गरिनेछ।

१६. गाउँपालिकाको स्वामित्वमा रहेको भौतिक संरचनाहरुको आवधिक रुपमा मर्मत सम्भार कार्य सम्पन्न गरिनेछ ।

१७. गाउँपालिकाको सीमा क्षेत्र यकिन गरी गाउँपालिका सीमानामा कलात्मक तथा गाउँपालिकाको ऐतिहासिक मौलिकता झल्किने गरी स्वागतद्वारहरुको निर्माण गर्न पहल गरिनेछ ।

१८. विभिन्न कालखन्डमा गाउँपालिकामा निर्माण भएका पुर्वाधारका संरचना (पूँजीगत सम्पति) को लगत तयार अद्याविधक तथा मुल्यांकन गरी सार्वजनिक सेवा प्रभावमा प्रभावकारी उपयोग सम्बन्धी योजना (Asset Management Plan) तयार गरी कार्यान्वयन गरिनेछ ।

१९. प्रभावकारी सम्पति ब्यवस्थापनका लागि सम्पति ब्यवस्था सूचना प्रणाली (Asset Management Information System) तयार गरी लागु गरिनेछ ।

२०. पूर्वाधारका योजनाको निर्माण तथा सञ्चालनमा निजीक्षेत्रसँगको साझेदारीका लागि विभिन्न आयोजना तयार गरि कार्यान्वयन गरिनेछ ।

## २. सामाजिक विकास सम्बन्धी नीति तथा कार्यक्रम

### क. शिक्षा

१. आवश्यकता र वास्तविक जीवनसँग जोड्ने र काम सिकाउने जीवनपयोगी सीपमा आधारित शैक्षिक पाठ्यक्रमको विकास गरी एक विद्यालयबाट नमूनाको रूपमा शुरूआत गर्ने र क्रमशः सवै विद्यालयमा सो अनुसारको पठनपाठनको ब्यवस्था मिलाईनेछ ।

२. शिक्षा नियमावली, शिक्षा नीति, वहुभाषा शिक्षा निर्देशिका जस्ता कानुनी तथा नीतिगत व्यवस्था मार्फत शिक्षा क्षेत्रको गुणस्तर नियमन एवं प्रवर्द्धन गरिने छ।

३. गाउँपालिकाले निर्माण गरेको स्थानीय शिक्षा पाठ्यक्रम सामुदायिक विद्यालयहरुमा अनिवार्य लागु गरिनेछ। त्यस्तो पाठ्यक्रममा अतिरिक्त क्रियाकलाप र विविध समुदायका जातिय तथा सांस्कृतिक पहिचानहरुको बोध गराउन अवलोकन भ्रमण पद्धतिबाट अभ्यास कक्षा र प्रयोगात्मक शिक्षा दिन जोड दिइनेछ।

४. विद्यालय बाहिर रहेका र बिच मै विद्यालय छोड्ने बालबालिकाहरुलाई विद्यालय शिक्षा पुरा गर्न प्रोत्साहनका लागि विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ।

५. विद्यालयहरुको भौतिक पूर्वाधार, स्वास्थ्य तथा सरसफाईको सुविधा र आधारभुत खानेपानी सुविधा विस्तार गर्दै शिक्षकहरुको ब्यावसायिक क्षमता विकासको लागि लगानी गरिनेछ।

६. अंग्रेजी माध्यमबाट शिक्षा दिन इच्छुक सामुदायिक विद्यालयहरुलाई पूर्वाधार तथा शिक्षक दरबन्दी लगायतका कार्यमा प्रोत्साहन दिई निजी विद्यालय सरह सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर कायम गरिनेछ।

७. विषयगत शिक्षकहरुको अभिलेख व्यवस्थापन गरी गाउँपालिकाको शैक्षिक विकासमा उनीहरुको अनुभवलाई उपयोग गरिनेछ।

८. सामुदायिक विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपातमा विषयगत दरबन्दी एवं शिक्षक सरुवालाई व्यवस्थापन गरिनेछ।

९. “उत्कृष्ट शैक्षिक गन्तव्य गाउँपालिका हाम्रो पहिचान” भन्ने आदर्श लक्ष्य प्राप्तिका लागि सरकारी तथा निजी क्षेत्रका शैक्षिक संस्थाहरुबाट प्रदान गर्ने उच्च शिक्षालाई थप गुणस्तरीय र सर्वसुलभ तुल्याउन त्यस्ता प्राज्ञिक संस्थाहरुसँग सहकार्य र साझेदारी गरिनेछ।

१०. विद्यालयहरुको भौतिक पूर्वाधार निर्माण गर्दा बालमैत्री तथा अपाङ्गतामैत्री संरचना निर्माण गरिनेछ।

११. विद्यालयहरुमा क्रमश: पुस्तकालय, विज्ञान र कम्प्युटर प्रयोगशाला स्थापनाको नीति लिइनेछ।

१२. शिक्षक तथा विद्यालय कर्मचारीहरुको पारिश्रमिक मासिक रुपमा सोझै सम्बन्धित व्यक्तिको खातामा जम्मा हुने प्रणाली लागु गरिने छ।

१३. शैक्षिक प्रणाली मै रूपान्तरण ल्याउन पाठ्यक्रम विकास, पठनपाठनको ब्यवस्थापन, अतिरिक्त क्रियाकलाप ब्यवस्थापन, शैक्षिक पात्रो ब्यवस्थापन, अद्याविधक स्रोत ब्यवस्थापन, विद्यालय-अविभावक विचको सञ्चार ब्यवस्थापन, अनलाईन शिक्षण तथा सिकाइ र दस्तावेजीकरण लगायतका क्षेत्रमा सूचना प्रविधिको प्रभावकारी उपयोग गरी सबै सामुदायिक तथा संस्थागत विद्यालयहरुमा शैक्षिक ब्यवस्थापन सूचना प्रणाली (EMIS) लागु गर्ने नीति अवलम्बन गरिनेछ।

१४. वराहपोखरी गाउँपालिका क्षेत्रभित्रका सबै विद्यालयस्तरमा, समुदायस्तरमा, वडास्तरमा र गाउँपालिकास्तरमा बालक्लब र बाल सञ्जाल गठन गरि बाल सहभागिता अभिवृद्धि गरि बालमैत्री गाउँपालिका घोषणा गर्ने कार्यक्रम अगाडि बढाईनेछ ।

१५. विद्यालय जाने उमेर समुहका सम्पूर्ण बालबालिकाहरुलाई "विद्यालय भर्ना गराउ र विद्यार्थी टिकाउ" अभियान सञ्चालन गरि गाउँपालिकाबाट पूर्ण रुपमा निरक्षरता

उन्मूलन गरिनेछ । विद्यालय जाने उमेरका बालबालिकाहरुलाई विद्यालय नपठाउने अभिभावकहरुलाई गाउँपालिकाको सेवा सुविधाबाट वञ्चित गरिने कडा नीति लिईनेछ।

१६. दिवा खाजा कार्यक्रम लागू भएका विद्यालयहरुले अनिवार्य रुपमा बालबालिकाहरुलाई दिवा खाजा खुवाउने व्यवस्था मिलाउनु पर्नेछ । खाजा नखुवाउने विद्यालयहरुको दिवा खाजा अनुदान निकासा रोक्का गरिनेछ ।

१७. शिक्षकहरुको पेशागत क्षमता अभिवृद्धि गर्दै शिक्षण सिकाई प्रकृयामा ICT को प्रयोगमा जोड दिईनेछ ।

१८. यस गाउँपालिकाको गत आ.व. मा माध्यमिक र आधारभुत तहमा राखिएका कम्प्युटर अनुदान शिक्षकहरुलाई निरन्तरता दिईनेछ ।

१९. गाउँ शिक्षा समितिलाई शिक्षाको गुणस्तर कायम गर्न परिचालन गरिनेछ ।

२०. आधारभूत तह कक्षा ८ को वार्षिक परीक्षा सम्बन्धी व्यवस्थापन गाउँपालिकाबाट गरिनेछ ।

२१. दरबन्दी नभएका आधारभुत तह र माध्यामिक तहका विद्यालयहरुमा शिक्षण सिकाई अनुदान अन्तर्गत अंग्रेजी, गणित, विज्ञान विषयका शिक्षक अनुदान कार्यक्रम नेपाल सरकारले तोके बमोजिम निरन्तरता दिईनेछ ।

२२. विद्यालयमा कार्यारत लेखा कर्मचारी, बालविकास सहयोगी शिक्षिका, विद्यालय कर्मचारीहरुको मनोवल उच्च राख्न आवश्यक प्रोत्साहन गरिनेछ ।

२३. अन्तराष्ट्रिय साक्षरता दिवस तथा राष्ट्रिय बाल दिवस विविध कार्यक्रम गरि मनाईनेछ ।

२४. गुणस्तरीय शिक्षा प्रदान गर्नका लागि बाल विकास केन्द्रको व्यवस्थापन गर्दै आधारभूत तहको व्यवस्थापनमा विशेष जोड दिईनेछ ।

२५. विद्यालयमा शैक्षिक गुणस्तर कायम गरी राम्रो नतिजा ल्याउने विद्यालयलाई प्रोत्साहन र मूल्याङ्कन योग्य नतिजा हासिल गर्न नसक्ने विद्यालयलाई कारबाही गर्ने नीति अवलम्बन गरिनेछ ।

२६. कृषि प्राविधिक शिक्षालय स्थापना गर्न पहल गरिनेछ ।

२७. विद्यालयको अनुगमन प्रणालिलाई अझ सशक्त बनाई नतिजामूखी बनाउने नीति लिईनेछ ।

**ख. स्वास्थ्य सम्बन्धी नीति तथा कार्यक्रम**

१. नागरिकको पहुँच सुनिश्चित हुने गरी गाउँपालिकाक्षेत्र भित्र चिकित्सकीय र प्रयोगशाला सेवा तथा अनुसन्धानात्मक कार्यहरू सञ्चालन गर्न अस्पताल, आधारभूत स्वास्थ्य केन्द्र स्थापना तथा स्तरोन्नती गरी रोकथाम, निदान र पुनर्स्थापन सेवालाई सहज र नियमित बनाइनेछ ।

२. सामुदायिक विद्यालयहरुमा विद्यार्थीहरुको मासिक स्वास्थ परिक्षण गर्ने व्यवस्था मिलाईनेछ।
३. स्वास्थ्य चौकी तथा बर्थिङ्ग सेन्टरहरुको सेवालाईको स्तरोन्नति गर्ने क्रममा प्रयोगशाला सहितको सेवा उपलब्ध गराउने कार्यक्रम संचालन गरिनेछ।
४. आर्थिक रुपमा अति विपन्न गाउँपालिकावासीहरुको स्वास्थ जाँच र उपचारका लागि निजहरुलाई अस्पताल ल्याउन-लैजान एम्बुलेन्स सेवाको न्यूनतम सेवा शुल्कमा प्रबन्ध गरिनेछ।
५. गाउँपालिका क्षेत्र भित्र हुने परम्परागत औषधीजन्य वनस्पतिको संरक्षण, खेति प्रबर्द्धन र प्रशोधनका कार्यहरु संचालन गरिनेछ।
६. महिला स्वयंसेविकाहरुको दक्षता विकास तालिम उपलब्ध गराई उनीहरुको सेवालाई प्रभावकारी तुल्याइनेछ।
७. स्वास्थ्य संस्थाहरुको प्रभावकारी सेवा विस्तारका लागि सार्वजनिक संस्था निजी क्षेत्र र गैरसरकारी संस्थाहरुसँग सहकार्यको नीतिलाई निरन्तरता दिइनेछ।
८. स्वास्थ चौकीहरुमा ल्याब सेवा सञ्चालनका लागि विशेष व्यवस्था गरिनेछ।
९. नवजात शिशु, बालबालिका, गर्भवति तथा सुत्केरी महिलाको स्वास्थ्य हितका लागि पोषण सम्बन्धि कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
१०. स्वास्थ्य चौकी तथा स्वास्थ्य इकाईबाट प्रदान गरिने खोप सेवा, सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य, पोषण लगायतका जन-स्वास्थ्य सेवाहरु र उपचरात्मक सेवाहरु प्रभावकारी रुपमा सञ्चालन गर्ने व्यवस्था मिलाईनेछ ।
११. गाउँपालिका भित्रका वर्थिङ सेन्टरहरुमा गर्भवती महिला डेलिभरी हुन नसकी बाहिर रेफर गर्नुपर्ने अवस्था सिर्जना भएमा गर्भवती महिलाहरुलाई गाउँपालिकाको नाकासम्म एम्बुलेन्स सेवा नि:शुल्क उपलब्ध गराईनेछ ।
१२. "स्वास्थ्य नै धन हो" भन्ने मूल नारालाई आधारमानी सबै नागरिकलाई गुणस्तरीय तथा विश्वसनीय स्वास्थ्य सेवा उपलब्ध गराईनेछ ।
१३. बहुक्षेत्रीय पोषण कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

## ग. संस्कृति सम्बन्धी नीति तथा कार्यक्रम

१. गाउँपालिका भित्र बोलिने विभिन्न जातजातिका मातृ भाषाहरुको संरक्षण गर्दै त्यस्ता भाषाको लिपी तथा व्याकरण लेखन तथा प्रकाशन गर्ने नीति लिइनेछ।
२. गाउँपालिका भित्र आयोजना हुने महोत्सवहरुमा विविध जातीय भेषभुषा, कला साहित्य, संगित लगायतको झाँकी सहित प्रदर्शन गर्ने नीति लिइनेछ।

## घ. युवा तथा खेलकुद सम्बन्धी नीति तथा कार्यक्रम

१. खेलकुदको विकास गर्न विभिन्न खेलहरुका लागि खेलकुद मैदान लगायतका खेल पूर्वाधार निर्माण तथा मर्मत सम्भार गरिनेछ।

२. विषयगत खेल पुरस्कार राशीहरु स्थापना तथा दिगो ब्यवस्थापन गर्दै जाने नीति लिइनेछ।
३. विभिन्न किसिमका दुर्व्यसनमा परेका युवाहरुलाई निरोधात्मक, प्रवर्द्धनात्मक र उपचारात्मक कार्यक्रमहरु मार्फत दुर्व्यसन मुक्त गराई समाजमा पुनस्थापनाको प्रबन्ध मिलाईनेछ।
४. वैदेशिक रोजगारबाट फर्केका युवाहरुले आर्जन गरेको ज्ञान र सिप सदुपयोग गर्दै स्वरोजगार र उद्यमशीलता विकासका लागि गाउँपालिकाको स्थानीय आर्थिक विकास योजना अन्तरगत समावेश भएका नवप्रवर्तनशील, लगायतका प्रोत्साहनमुखी कार्यक्रमसँग आबद्ध गरिनेछ।
५. युवा उद्यमशिलता विकासका कार्यक्रमहरु मार्फत युवालाई "विदेश हैन बिजनेस" भन्ने भावना जागृत तुल्याई स्वरोजगार उन्मुख गराइनेछ।
६. युवा बेरोजगारी न्यूनिकरणका लागि सरकारी, गैरसरकारी, सहकारी तथा निजी क्षेत्रको समन्वय र सहकार्यमा सिप तथा उद्यमशील क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ।
७. विपन्न, गरिब र सुकुम्वासी परिवारका युवाहरुलाई गरिवि निवारणका लागि लघु उद्यम विकास कार्यक्रम मार्फत इलेक्ट्रोनिक्स सामाग्री मर्मत, प्लम्बिङ्ग तथा इलेक्ट्रिसियन, मोवाईल रिपियरिङ, ब्यावसायिक पशु पालन तथा तरकारी खेती जस्ता तालिमहरु प्रदान गरी गरीबी न्यूनिकरण र जिविकोपार्जनमा सहजीकरण गरिनेछ।
८. गाउँपालिकाका गौरवका रुपमा रहेका खेलकुद प्रतियोगिताहरु आयोजना गर्न सहकार्य र साझेदारी गरिनेछ।

**ङ. लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम**

१. लैङ्गिक विभेद अन्त्य गर्दै लैङ्गिक समानता र सामाजिक समावेशिकरण सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ।
२. महिला, बालबालिका, अल्पसंख्यक, भूमिहिन, अति गरिब, आदिवासी जनजाति र सामाजिक बहिस्करणमा परेका वर्गको लागि उत्थानशील कार्यक्रमहरु संचालन गरिनेछ।
३. ऐतिहासिक कालदेखि दलित तथा शील्पी समुदायले, जीवन निर्वाहको रुपमा अपनाइ आएका परम्परागत पेशालाई व्यवसायिक उद्यमको रुपमा विकास गर्न पुँजि लगानी सहयोग गरिनेछ।
४. विकासका कार्यक्रमहरुमा टोल विकास संस्थाहरुलाई प्रभावकारी रुपमा सहभागी गराइनेछ, सघन परिचालन गरिनेछ।
५. ज्येष्ठ नागरिक परिचयपत्र वडास्तरबाट नै उपलब्ध गराउने व्यवस्था मिलाईनेछ।

६. हिंसा पिडित महिला तथा बालबालिकाको लागि एकद्वार संकट व्यवस्थापन केन्द्र स्थापना गरिनेछ।
७. "हिंसा मुक्त गाउँपालिका हाम्रो पहिचान" अभियान संचालन गरी सबै प्रकारका हिंसा विरुद्ध शुन्य सहनशिलता नीति लिइनेछ। पारिवारिक हिंसाद्वारा पिडितको संरक्षणका कार्यक्रम संचालन गरिनेछ।
८. गाउँपालिकाको बजेट तथा कार्यक्रममा लैङ्गिक परीक्षण गर्ने व्यवस्था मिलाईनेछ।
९. महिला उद्यमशिलता विकासका लागि महिलाद्वारा प्रबर्द्धित व्यवसायमा निश्चित प्रतिशत कर छुटको व्यवस्था गरिनेछ।
१०. गर्भवती महिलाहरुको लागि आमा सुरक्षा कार्यक्रम र नवजात शिशुको लागि पोषण कार्यक्रम संचालन गरिनेछ।
११. गाउँपालिका तथा वडास्तरीय बाल क्लब संजाललाई प्रभावकारी रुपमा परिचालन गरिनेछ।
१२. हरेक वडामा एउटा बाल उद्यान निर्माण अभियान संचालन गरिनेछ।
१३. बालविकास केन्द्रहरुको भौतिक पूर्वाधार स्तरोन्नति गरिनेछ।
१४. गाउँपालिकाका बालमैत्री घोषणा हुन बाँकी सबै वडाहरुलाई आ. व. २०८०/८१ भित्र बालमैत्रि वडा घोषणा गर्ने कार्य सम्पन्न गरिनेछ।

## ३. आर्थिक विकास सम्बन्धी नीति तथा कार्यक्रम

१. स्थानीय आर्थिक विकासलाई योजनाबद्ध रूपमा कार्यान्वयनमा ल्याइनेछ । यस अन्तरगत स्थानीय प्रतिस्पर्धी वस्तु वा सेवाको सहभागितामूलक पहिचान गरी ती वस्तु वा सेवाहरूको समग्र मुल्य श्रृङ्खला (उत्पादन देखि बजारीकरण सम्म) मा गाउँपालिका, निजीक्षेत्र, र सहकारी (समुदाय) समेतको सहकार्यमा स्थानीय आर्थिक विकासका योजना अन्तरगतका कार्यक्रमहरू सञ्चालन गरिनेछन ।
२. उल्लिखित बमोजिम स्थानीय आर्थिक विकासका सम्भावनाहरूको पहिचान र ब्यावसायिक परिचालनका लागि गाउँपालिकाले विशेष पहल गर्नेछ । यसका लागि स्थानीय तहमा ब्यावसायिक वातावरणको विकास गर्न गाउँपालिकाले नीजिक्षेत्र, सार्वजनिक क्षेत्र र सहकारी (समुदाय समेत) को सहभागिता रहने गरी एक स्थानीय आर्थिक विकास सम्वाद मञ्च गठन गर्नेछ ।
३. नव प्रवर्तन र उद्यमशीलता प्रवर्धन गर्न स्टार्टअप इकोसिष्टमको विकास गर्न उद्यमशाला सञ्चालन गरिनेछ ।

## उद्योग तथा पर्यटन सम्बन्धी नीति तथा कार्यक्रम

१. उद्योग व्यवसाय दर्ता, नविकरण, स्थानान्तरण तथा नामसारी जस्ता प्रशासनिक प्रकृयालाई सूचना प्रविधिको प्रयोग गरी सरलीकरण र प्रभावकारी बनाइनेछ ।

२. वराहपोखरी गाउँपालिकाको पहिचान झल्कने वराहपोखरी महोत्सवको सुरुवात गरि यस गाउँपालिकालाई देशव्यापी रुपमा चिनाउन पहल गरिने छ ।
३. लगानीमैत्री नीति तथा औधोगिक पूर्वाधार सुदृढीकरण गर्दै उद्योग तथा पर्यटनको विकासको नीति लिइनेछ।
४. सम्पूर्ण स्वदेशी कच्चा पदार्थ गरी उत्पादन गर्ने साना तथा मझौला उद्योगहरुलाई उत्पादन स्थलसम्म कृषी सडक पूर्वाधार तथा विद्युतिकरणको पहुँच पुराइनेछ।
५. पर्यटन मार्फत आर्थिक समृद्धि हासिल गर्न गाउँपालिकाको पर्यटन गुरुयोजना तर्जुमा गरी सोही आधारमा पर्यटन पूर्वाधार विस्तार र पर्यटन विकासका कार्यक्रमहरु संचालन गरिनेछ।
६. गाउँपालिका क्षेत्र भित्रका पर्यटकीय स्थलहरु जोड्न पर्यटकीय सडक संजाल कार्यान्वयन प्रारम्भ गरिनेछ।
७. विभिन्न जातजातिको जातजाति परम्परागत पर्व, संस्कार र संस्कृतिहरुको प्रवर्द्धन गरिनेछ।
८. मुख्य स्थान चोक र गाउँपालिका प्रवेशद्वारहरुमा पर्यटकीय क्षेत्रको परिचय सहित पर्यटक आकर्षण गर्न होर्डिङ बोर्ड राखिनेछ।
९. गाउँपालिका भित्रका पर्यटकीय स्थलहरुको प्रचार प्रसारका लागि डकुमेन्ट्री प्रसारण र व्रोशर हरुको निर्माण गरिनेछ।
१०. सूचिकृत गन्तव्यहरु भित्र रहेका धार्मिक अध्यात्मिक एवम् साँस्कृतिक धरोहरको रुपमा रहेको वराहपोखरीलाई धार्मिक पर्यटन क्षेत्रको रुपमा विकास गरिनेछ ।
११. अन्तर गाउँपालिका सम्बन्ध प्रबर्द्धन गर्दै अन्य स्थानीय तहहरुका असल अभ्यासलाई अनुसरण गरी पर्यटन प्रवर्द्धन गर्न थप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गाउँपालिका/नगरपालिकाहरुसँग भगिनी सम्बन्ध विस्तार गरिनेछ।

## ४. कृषि तथा पशुपंक्षी सम्बन्धी नीति तथा कार्यक्रम

१. उच्च मुल्यका फलफुल, तरकारी तथा अन्नबालीहरुको पकेट क्षेत्रहरु पहिचान गरी सघन कृषि क्षेत्र निर्धारण गरी ती स्थानहरुमा ब्यावसायिक कृषि कार्यक्रम संचालन गरिनेछ।
२. रैथाने बालीहरुको विउ संरक्षण, खेती विस्तार र बजारीकरणको लागि विशेष प्रबन्ध मिलाईनेछ।
३. अर्गानिक खेतिको विस्तार र तरकारी तथा खाद्यान्नमा विषादीको उचित व्यवस्थापन गर्न विशेष व्यवस्था गरिनेछ।
४. कृषि उपजको आयात प्रतिस्थापनको नीति लिई कृषि तथा पशुपालनलाई आधुनिक प्रविधिमा आधारित तुल्याउदै व्यवसायीकरण गरिनेछ।

५. गाउँपालिका भित्रका कृषकहरुको खण्डिकृत/वर्गिकृत एवं विस्तृत तथ्याङ्क आधार निर्माण गरिनेछ।
६. ब्यावसायिक कृषि पकेट क्षेत्रमा सिंचाई, कृषि सडक, विद्युतिकरण, कृषि बजार, सित भण्डार तथा गोदाम घरहरुको पूर्वाधार निर्माण गरिनेछ।
७. तरकारी उत्पादनको लागि ब्यावसायिक, करेसावारी र करार खेतीको लागि तालिम, प्रविधि र लगानीको ब्यवस्था सहितको नमूना कार्यक्रम संचालन गरी प्रोत्साहन गरिनेछ ।
८. तेलजन्य बाली उत्पादनलाई प्रोत्साहित गर्न कम्तिमा तिन मुरी तोरी उत्पादन गर्ने कृषकलाई पुरस्कृत गर्ने व्यवस्था मिलाईनेछ ।
९. कृषि व्यवसायलाई प्रतिस्पर्धात्मक प्रणालिको विकास गर्न वर्षमा कम्तिमा एक पटक कृषकहरुद्वारा उत्पादित बस्तुहरुको कृषि प्रदर्शनी मेला आयोजना गरिनेछ ।
१०. गोठ सुधार, नश्ल सुधार जस्ता कार्यक्रमहरुलाई प्राथमिकता दिईनेछ ।
११. कृषि तथा पशु-पंक्षी व्यवसायीहरुलाई प्रोत्साहन गरिनेछ ।

## ५. सहकारी सम्बन्धी नीति तथा कार्यक्रम

१. गाउँपालिका भित्र स्थापना हुने कृषि समूह, निजी फर्म र सहकारीहरुको दर्ता तथा कार्य क्षेत्र अनुमति जस्ता विषयहरुलाई व्यवस्थित ढंगले अघि बढाइनेछ।
२. सहकारीहरुको माध्यमबाट उत्पादनशिल क्रियाकलापमा संलग्न नागरिकहरुको पूँजि संकलन तथा परिचालन गरी साना तथा स्वरोजगारीका अवसर श्रृजना गरी गरिबी न्यूनिकरण गर्ने योजनालाई निरन्तरता दिइनेछ।
३. कृषि लगायत विषयगत सहकारीलाई सो क्षेत्रमा केन्द्रित भै लगानी गर्ने नीतिलाई कार्यान्वयन गरिनेछ।

## ६. सूचना तथा संचार सम्बन्धी नीति तथा कार्यक्रम

१. संचार संस्था र गाउँपालिकाको सहकार्यमा जनहितकारी सूचनाहरु सम्प्रेषण गर्ने, गाउँपालिकाका निर्णय तथा सूचनाहरुमा सञ्चार संस्थाहरुको पहुँच बढाई खुल्ला सरकारको नीति लिइनेछ।
२. नागरिकहरुको सूचनाको हकको सम्मान गर्दै सूचना तथा सञ्चार प्रविधिको विकासमा अझ सुधार गरी गाउँपालिकालाई सूचनामैत्रि बनाइनेछ।
३. यस गाउँपालिका, वडा कार्यालय, स्वास्थ्य चौकी, विद्यालयहरुमा नियमित ईन्टरनेट सेवा प्रवाह गर्नका लागी अप्टिकल फाईवर प्रणालीबाट सेवा सुचारु गर्न आवश्यक व्यवस्था मिलाईनेछ ।
४. यस गाउँपालिका क्षेत्रमा स्थानीय पत्रिका प्रकाशन र छापाखानाको व्यवस्था नभएकोले त्यस्ता कार्य गर्न ईच्छुक व्यक्ति तथा समुहलाई आवश्यक सहयोग र प्रोत्साहन गर्ने नीति लिईनेछ ।

५. गाउँपालिकामा पत्रकारिताको संस्थागत विकास गर्न पत्रकारिता सम्बन्धी तालिम सञ्चालनको व्यवस्था मिलाईनेछ ।

## ७. न्याय, कानून तथा मानव अधिकार प्रवर्द्धन सम्बन्धी नीति तथा कार्यक्रम

१. न्यायिक समितिको अधिकार क्षेत्र भित्रका विवादहरुको शीघ्र निरुपण गरी प्रभावकारी न्याय सम्पादन गर्न आवश्यक नीति तथा कानूनहरुको प्रबन्ध मिलाईनेछ।

२. न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरुको विषयगत ज्ञान र क्षमता विकासका कार्यक्रमहरु कार्यान्वयन गरिनेछ।

३. सभाबाट हालसम्म निर्माण भएका ऐन कानूनहरुलाई संग्रहित गरी स्थानीय कानून संग्रह प्रकाशन गरिनेछ।

४. मानव अधिकारको सम्मान, संरक्षण, सम्बर्द्धन र प्रवर्द्धनका लागि आवश्यक नीति तथा कानून तर्जुमा गरी प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालन गरिनेछ।

५. न्याय सम्पादनको कार्यलाई थप ब्यवस्थित गर्न यस सम्बन्धी सम्पुर्ण प्रक्रियालाई डिजिटल जस्टिस सिस्टम तयार गरी लागु गरिनेछ ।

## ८. सुशासन, सार्वजनिक सेवा तथा क्षमता विकास सम्बन्धी नीति तथा कार्यक्रम

१. गाउँपालिका भित्र रहेका स्रोत साधन, सेवा केन्द्र लगायत सम्पूर्ण नागरिकहरुको पेशा व्यवसाय, सामाजिक आर्थिक अवस्था, रोजगारीको अवस्था सहितका विवरणहरु समावेश गरी विद्युतीय स्थानीय तह पार्श्व चित्र (Digital LG Profile) तयार गरी लागु गरिनेछ।

२. गाउँपालिका भित्रका नागरिकहरुको गुनासो तथा सेवा सम्बन्धी जिज्ञासा सुन्ने र सो को सम्बोधन अनलाईन प्रणाली कै माध्यमबाट गर्ने गरी नागरिक गुनासो ब्यवस्थापन प्रणाली (Citizen Grievances Response App) तयार गरी लागु गरिनेछ।

३. आर्थिक तथा प्रशासनिक अनुशासन कायम गर्ने सम्बन्धमा बाँकीको बक्यौता, पेश्की, बेरुजु लगत विवरण अद्यावधिक गरी कडाईका साथ असुल उपर एवम् फछ्यौट गर्ने कार्य अगाडी बढाईनेछ ।

४. प्रत्येक चौमासिकको आय/व्ययको मास्केवारी गाउँपालिका तथा वडा कार्यालयको सूचनापाटि तथा गाउँपालिकाको वेवसाइटमा प्रकाशित गरिनेछ ।

५. गाउँपालिका कार्यालयको मानव संशाधन पर्याप्त नभएको क्षेत्रमा सम्बन्धित विषयका विज्ञहरुलाई सहजकर्ता वा विशेषज्ञको रुपमा प्रयोग गर्ने नीति अवलम्बन गरिनेछ ।

६. जनप्रतिनिधिहरु तथा कर्मचारीहरुको सीप तथा क्षमता अभिवृद्धिको लागि आवश्यक तालिम, गोष्ठी तथा अध्ययन अवलोकन भ्रमण कार्यक्रमलाई परिणाममुखी बनाईनेछ ।

७. गाउँपालिकाबाट प्रवाह हुने सम्पूर्ण सेवा र विकास निर्माणमा हुनसक्ने भ्रष्टाचार, अपारदर्शिता तथा ढिलासुस्तीमा शुन्य सहनशीलताको नीति अख्तियार गरिनेछ । सो कार्यलाई प्रभावकारी बनाउन प्रत्येक वडा कार्यालयहरु र सार्वजनिक स्थानहरुमा गाउँपालिकाको तर्फबाट सुझाव पेटिकाहरु राखिनेछ ।
८. गाउँपालिकाबाट प्रवाह हुने योजना, लेखा, नक्सा, राजश्व लगायत सबै सेवाहरुमा सफ्टवेयर निर्माण गरी कागज विहीन प्रणाली बनाउन विद्युतीय प्रणालीलाई जोड दिईने छ ।
९. डिजिटल नागरिक वडापत्रको व्यवस्थापनका साथै फ्रि-वाईफाई जोन बनाउने नीतिलाई निरन्तरता दिईनेछ ।
१०. गाउँपालिकाको सुरक्षालाई चुस्तदुरुस्त एवम् प्रभावकारी बनाउन वडा कार्यालय तथा अन्य संवेदनशील क्षेत्रहरुमा सि. सि. टि. भि. क्यामेरा जडान गरिनेछ ।
११. गाउँपालिका भित्रका सार्वजनिक तथा सरकारी जग्गाहरुको मिहिन ढंगले खोज तथा अध्ययन गरी अभिलेख राखी त्यस्ता जग्गाहरुको संरक्षण गरिनेछ।
१२. गाउँपालिका भित्र रहेका असंगठित क्षेत्रका मजदुरहरुको तथ्याङ्क संकलन तथा अभिलेख व्यवस्थापन गरी निजहरुको रोजगार तथा सेवाको सुरक्षा र निजहरुको हित प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ।
१३. विपन्न र न्यून आय भएका घर परिवार पहिचान गरी परिचयपत्र उपलब्ध गराई लक्षित कार्यक्रमहरु संचालन गरिनेछ।
१४. सार्वजनिक खर्चलाई वैज्ञानिक अनुमान योग्य र नतिजामुखि तुल्याउन मध्यकालिन खर्च संरचना (MTEF) पद्धति प्रयोगमा ल्याइनेछ।
१५. संघीय सरकार, प्रदेश सरकार र अन्य स्थानीय तहहरुसँग आपसी सहकार्य र समन्वयको लागि अन्तर समन्वय तथा सहकार्य नीति तर्जुमा गरिनेछ।

## ९. वन, वातावारण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन सम्बन्धी नीति तथा कार्यक्रम

### क. खानेपानी तथा सरसफाई

१. खानेपानीको जटिलतम समस्याको तत्कालिन, अल्पकालिन र दिर्घकालिन समाधानका लागि सम्भाव्य स्रोतहरूको खोजी तथा योजना तयार गरी खानेपानीको उत्पादन तथा वितरणको ब्यवस्था मिलाईनेछ ।
२. जलाधार संरक्षण कार्यक्रम संचालन गरी गाउँपालिका भित्र रहेका भूमिगत पानीका मूलहरू, जलाधार र सिमसार क्षेत्रहरुको संरक्षण एवं प्रवर्द्धन गर्दै ती श्रोतहरुबाट खानेपानी आपूर्तिको प्रबन्ध मिलाईनेछ।
३. विभिन्न खोला, नदी तथा अन्य स्रोतबाट खानेपानीलाई आपूर्ति गर्ने व्यवस्थाको लागि प्राविधिक सम्भाव्यता अध्ययन गरी संघ सरकार र प्रदेश सरकारको सहकार्यमा निर्माण कार्य अघि बढाइनेछ।

४. जल पुनर्भरण योजना र वर्षातको पानी संकलन गर्ने प्रविधिलाई उपयोगमा ल्याउन प्रारम्भ गरिनेछ।
५. सडक किनारा र सार्वजनिक स्थानहरुलाई हरियाली र सुन्दर तथा सफा राख्ने कार्य गरिनेछ।
६. टोल विकास संस्था र सामाजिक संघ संस्थाहरुसँग फोहोर संकलन तथा व्यवस्थापन कार्यमा सहकार्यको नीति लिइनेछ।
७. अस्पताल जन्य फोहोरलाई व्यवस्थित तुल्याउन सम्बन्धित निकायहरुलाई पूर्ण रुपमा जिम्मेवार बनाइनेछ। जथाभावी फोहोर फाल्ने र फोहोर गर्ने व्यक्तिलाई जरिवाना तथा अन्य दण्ड सजाय गर्ने नीति लिइनेछ।
८. प्लाष्टिक जन्य फोहोर नियन्त्रण तथा न्यूनिकरण गर्न प्लाष्टिक झोलाहरुको प्रयोगलाई निरुत्साहित गरिनेछ।
९. गाउँपालिकाका मुख्य स्थानहरुमा समुदायको सहकार्यमा उपयुक्त जग्गाको खोजि गरी सार्वजनिक शौचालयहरु निर्माण तथा संचालनलाई अभियानका रुपमा अगाडी बढाइनेछ।

**ख. वातावरण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन**

१. जलवायु परिवर्तनको प्रतिकूल प्रभावहरूलाई अनुकूलन गर्न गाउँपालिकाको क्षमता बढाउने साथै खाद्य उत्पादनलाई प्रतिकूल असर नपर्ने किसिमले जलवायु उत्थानशीलता वृध्दि गर्ने ।
२. पूर्वाधार आयोजनाहरुको कार्यान्वयन गर्दा त्यस्ता आयोजनाहरुले वातावरणमा पार्ने असर न्यूनिकरणको लागि प्रारम्भिक वातावरणिय परिक्षण (IEE) र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन गरिनेछ।
३. खाली जग्गामा वृक्षारोपण, हरियाली प्रवर्ध्दन तथा वनको संरक्षण र हैसियतमा सुधार गरी जल, जमीन तथा वातावरणको संरक्षण र जीविकोपार्जनको अवसरमा वृध्दि गरिनेछ ।
४. पोखरी संरक्षण, पहिरो तथा गल्छि नियन्त्रण, विकासका पूर्वाधारको संरक्षण र नदि नियन्त्रण गरी जल, जमिन तथा जलाधारको संरक्षण तथा उत्पादनमा वृध्दि गरिनेछ ।
५. भू-सूचना प्रणालीको प्रयोग उच्च जोखिमयुक्त क्षेत्रको नक्शाङ्कन, जोखिमको विश्लेषण तथा जोखिम न्यूनीकरण योजना तयार गर्न पहल गरिनेछ।
६. विपद जोखिम न्यूनीकरण र ब्यवस्थापन तथा जलवायु उत्थानशील योजना तर्जुमा गरी सो अनुसार विपद पुर्व तयारी, विपद न्यूनीकरण, प्रतिकार्य र पुनर्स्थापनाको कार्यलाई ब्यवस्थित र प्रभावकारी बनाइनेछ ।
७. ढुंगा गिट्टि बालुवा जस्ता नदीजन्य पदार्थ र अन्य प्राकृतिक श्रोतहरुको अनाधिकृत एवं अवैज्ञानिक दोहनलाई नियन्त्रण गरिनेछ।

८. सार्वजनिक निजी साझेदारीमा निर्माण पूर्वाधार निर्माण गरी फोहोर मैला प्रशोधन केन्द्रलाई ब्यावसायिक रुपमा संचालन गर्न नीतिगत तथा कानूनी व्यवस्था गरी फोहोर मैला संकलन, व्यवस्थापन र उपयोगको नीति लिइने छ।

९. भुकम्पीय जोखिम न्यूनिकरणको लागि भुकम्प प्रतिरोधि भवन तथा संरचना निर्माण कार्यलाई प्राथमिकता दिइनेछ।

१०. विपद् जोखिम व्यवस्थापन कोषमा रकम अभिवृद्धि गर्दै प्रभावकारी श्रोत परिचालन गरिनेछ।

११. गाउँपालिकाको विपद् जोखिम नक्साङ्कन गरी सोही आधारमा विशिष्ट प्रकृतिका विपद् जोखिम प्रतिकार्य तथा पुनर्उत्थान कार्यक्रमहरु संचालन गरिनेछ।

१२. सम्बेदनशील जलाधार क्षेत्रका जमिनहरुको अतिक्रमण नियन्त्रण गरिनेछ ।

१३. आगलगी, वन डढेलो, दुर्घटना, पहिरो, बाढी लगायतबाट भएका घाईतर्हरुलाई सिघ्र उद्धारका लागि एकिकृत रुपमा एम्बुलेन्स, सुरक्षाकर्मी र स्वास्थ्यकर्मीहरु परिचालन हुने गरी आकस्मिक सेवा प्रणाली स्थापना गरी संचालनमा ल्याईनेछ ।

१४. वडा, समुदाय, विद्यालयस्तरमा विपद तयारी सुरक्षा, प्रतिकार्य र चेतनामूलक कार्य संचालन गरिनेछ ।

१५. यस गाउँपालिकामा निष्कृय रहेको रेडक्रस उपशाखालाई सकृय गराई उक्त संस्थाद्वारा प्रदान गरिने सेवालाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

## १०. राजस्व तथा आन्तरिक श्रोत परिचालन नीति तथा कार्यक्रम

१. आन्तरिक आय व्यवस्थापन, प्राकृतिक स्रोत बिक्रि सम्बन्धी ऐन तथा नियमावली तर्जुमा गरी राजस्व परिचालनलाई थप व्यवस्थित तुल्याइनेछ।

२. आन्तरिक आयका स्रोतहरूको सम्भाब्यता अध्ययन, राजश्व बाँडफाँड, अन्तर सरकारी वित्तीय हस्तान्तरण, तथा गैससको स्रोत परिचालनको लागि स्थानीय सरोकारवाला, प्रदेश सरकार, र नेपाल सरकारका निकाय तथा गैसस र विकास साझेदार संग परामर्श, समन्वय, र साझेदारी गरिनेछ।

३. करको दर सम्भव भएसम्म न्यूनतम गर्दै करको दायरा विस्तार गर्ने नीति लिइनेछ। प्रगतिशिल कर प्रणाली अवलम्बन गरी नागरिकहरु बिच रहेको असमानता न्यूनिकरण गर्दै लगिनेछ।

४. गाउँपालिकाको आन्तरिक राजस्व अभिवृद्धिका लागि करका नयाँ सम्भाव्य क्षेत्रहरु पहिचान गरिनेछ।

५. ढुंगा, गिट्टी बालुवा जस्ता नदीजन्य पदार्थको ठेक्का व्यवस्थापनमा संघीय वन सम्बन्धी कानूनका कारण उत्पन्न जटिलतालाई दृष्टिगत गरी वैकल्पिक पद्धतिको रुपमा गाउँपालिकाबाटै उत्खनन गरी बिक्री गर्ने विधि अवलम्बन गरिनेछ।

६. करदाताहरुलाई आफुले तिर्नु पर्ने मोटामोटी कर दायित्व र कर तिर्ने समयसीमा समयमै जानकारी दिन निजहरुको सेल नम्बरमा विद्युतिय प्रणालीद्वारा सन्देश प्रावहित गर्ने नीति लिइनेछ।
७. करदाताहरुको अभिलेख व्यवस्थापन सुदृढ गर्दै उत्कृष्ट करदाताहरुलाई पुरस्कृत तथा सम्मानित गर्ने नीति लिइनेछ।
८. कर प्रशासनलाई सूचना प्रविधिमैत्री एवं करदातामैत्री तुल्याउदै लगिनेछ।
९. करदाताको कर लगतलाई ब्यवस्थित, पारदर्शी र प्रभावकारी रूपमा उपयोग गर्न, करदातालाई कर सम्बन्धी सूचना प्रवाह गर्न डिजीटल कर प्रणाली लागु गरिनेछ ।

**अन्त्यमा,**

मैले प्रस्तुत गरेको गाउँपालिकाको नीति तथा कार्यक्रमबाट वराहपोखरी गाउँपालिकाबासी जनताको आर्थिक, सामाजिक अवस्थामा परिवर्तन आउने, भौतिक विकासले फड्को मार्ने र राजश्व संकलनमा वृद्धि हुनुका साथै सेवा प्रवाहमा सुधार भई जनतामा सुशासनको अनुभूति हुने विश्वास लिएको छु ।

यो नीति तथा कार्यक्रमको निर्माण गर्न महत्वपूर्ण सहयोग गर्नु हुने उपाध्य ज्य, प्रमुख प्रशासकीय अधिकृत लगायत  योजना तर्जुमाका सदस्य ज्यूहरु, राजश्व परामर्श समितिका पदाधिकारी ज्यूहरु, कार्यपालिकाका सदस्य ज्यूहरु, गाउँसभाका सदस्य ज्यूहरु, गाउँपालिकाका सम्पूर्ण कर्मचारी साथीहरुलाई धन्यवाद दिन चाहान्छु । साथै "समृद्ध वराहपोखरी: सुखी वराहपोखरीबासी" र "कृषि, पर्यटन, प्राकृतिक सम्पदा र पूर्वाधार: सभ्य, समृद्ध वराहपोखरी गाउँपालिकाको मूल आधार" भन्ने अभियानमा जुट्न सबैको साथ र सहयोगको अपेक्षा गर्दछु । धन्यवाद ।

**धन्यवाद !**

**असार १०, २०८०**

**शालिकराम बन्जारा**

**गाउँपालिका अध्यक्ष**